# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

*इ.प्रा.परिपत्र संख्याः-* ३८१ *मिति :-* २०६३/१२/११

**नेपाल राष्ट्र बैंक**
**बैकिङ्ग कार्यालय लगायत सम्पूर्ण कार्यालयहरु तथा**
**इजाजतपत्रप्राप्त “क” वर्गका (बैंक) संस्थाहरू ।**

विषय :- **परिवर्त्य विदेशी मुद्रामा गरिने आयात प्रतीतपत्र कारोवार सम्वन्धमा ।**

महाशय,

परिवर्त्य विदेशी मुद्रा भुक्तानी हुने गरी भारतवाहेक अन्य मुलुकहरूबाट गरिने आयातका लागि खोलिने प्रतीतपत्र कारोवारसम्वन्धमा निम्न व्यवस्था कायम गरिएको हुँदा सोही वमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. आयात प्रतीतपत्र खोल्दा अपनाउनु पर्ने प्रकृया :-

१.१ आयातकर्ताले पेश गर्नुपर्ने कागजातहरू :

कुनै पनि वस्तुको आयात प्रतीतपत्र खोल्दा फर्म दर्ता प्रमाणपत्र, अध्यावधिक आयकर दर्ता प्रमाणपत्र, आयात गरिने वस्तुको परिमाण र मूल्य स्पष्टरूपले खुल्ने प्रोफर्मा इन्भ्वाइस (Proforma Invoice) वा कन्ट्रयाक्ट पेपर (Contract Paper) पेश भएको हुनुपर्नेछ । यस्तो विवरणमा ८ digits को Harmonic Code समेत उल्लेख भएको हुनुपर्नेछ । साथै "All Discrepancies Acceptable" जस्ता Clause राखी प्रतीतपत्र खोल्न वा संशोधन गर्न पाइने छैन ।

१.२ वि.वि.नि.फा.नं.३ भर्न लगाउने :

आयात प्रतीतपत्र खोल्न निवेदन गर्ने आयातकर्तालाई यसैसाथ संलग्न वि.वि.नि.फा.नं.३ भर्न लगाउनुपर्नेछ । उक्त फर्ममा उल्लिखित सवै महलहरू विधिवत भरेको यकिन गरेर मात्र सम्वन्धित बैंकका अधिकारीले प्रमाणित गर्नुपर्नेछ । साथै, एउटै प्रतीतपत्रमा एकभन्दा बढी समूह अन्तर्गतका सामानहरूको प्रतीतपत्र खोल्दा वा भुक्तानी गर्दा समूह अनुसार भिन्दा भिन्दै मूल्य तथा परिमाण अनिवार्यरूपमा उल्लेख हुनुपर्ने छ ।

१.३ वि.वि.नि.फा.नं.४ जारी गर्ने :

आयात प्रतीतपत्रहरू अन्तर्गतका Documents सम्वन्धित आयातकर्तालाई दिंदा यसैसाथ संलग्न वि.वि.नि.फा.नं.४ को चारप्रति तयार गरी निम्नानुसार उपलव्ध गराउनुपर्नेछ :

(क) पहिलो दुईप्रति सम्वन्धित आयातकर्तालाई दिनुपर्नेछ र आयातकर्ताले ती दुवैप्रति सामान छुटाउँदा सम्वन्धित भन्सार कार्यालयमा बुझाउनुपर्नेछ ।

(ख) तेश्रोप्रति यस बैंकलाई उपलव्ध गराउनुपर्नेछ ।

(ग) चौथोप्रति कार्यालय प्रयोजनको लागि राख्नुपर्नेछ ।

(घ) भन्सार कार्यालयलाई उपलव्ध गराइएका उपर्युक्त दुईप्रतिमध्ये एकप्रति सम्वन्धित भन्सार कार्यालयबाट सामान भित्रिएको प्रमाणित भैसकेपछि सम्वन्धित बैंकमै अनिवार्यरूपले फिर्ता हुने व्यवस्था गर्नुपर्नेछ ।

(ङ) Documents छुटाएको मितिले बढीमा तीन महिनाभित्र (तल दफा ३.५ मा उल्लेख भएको अवस्थामा बाहेक) सम्म पनि उक्त फर्म फिर्ता नबुझाउने आयातकर्ताहरूको फेहरिस्त म्याद नाघेको मितिले सात दिनभित्र यस बैंकलाई उपलव्ध गराउनुपर्नेछ ।

(च) सामान छुटाउने प्रयोजनको लागि तहाँवाट आयातकर्तालाई उपलव्ध गराईने प्रतीतपत्रको प्रतिलिपिमा "Certified Copy of Original L/C" भनी अधिकार प्राप्त व्यक्तिले दस्तखत गरी कार्यालयको छापसमेत लगाई प्रमाणित गरी दिनुपर्नेछ । साथै आयात प्रतीतपत्र अन्तर्गत प्राप्त हुने अन्य Documents पनि प्रमाणित गरी सम्वन्धित पक्षहरूलाई उपलव्ध गराउनु पर्नेछ ।

(छ) पछि भुक्तानी गर्ने गरी क्रेडिट सुविधा अन्तर्गत हुने आयातको हकमा पनि सम्वन्धित आयातकर्ताले कागजात छुटाउँदा वि.वि.नि.फा.नं.४ मा सो सम्वन्धी उल्लेख गरिएअनुसारको प्रमाणित विवरण भन्सार प्रयोजनको लागि जारी गर्नुपर्नेछ ।

(ज) क्रेडिट सुविधा अन्तर्गत हुने आयातको भुक्तानी, सामान भन्सार भित्रिएको निश्चित अवधिपछि मात्र हुने हुँदा यस सम्वन्धी भुक्तानीको हकमा वि.वि.नि.फा.नं.४(घ) को थप व्यवस्था गरिएको छ । अतः क्रेडिट सुविधा अन्तर्गत भुक्तानी भएपछि सो वि.वि.नि.फा.नं.४(घ) भरी नियमितरूपले यस बैंकमा पठाउनुपर्नेछ ।

(झ) वि.वि.नि.फा.नं.३ र ४ उपत्यकास्थित बैंकहरूले दैनिकरूपमा तथा उपत्यका वाहिरका बैंकहरूले साप्ताहिकरूपमा (प्रत्येक आइतवार) नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय, विदेशी विनिमय व्यवस्थापन विभागमा बुझाउनुपर्नेछ ।

१.४ आयात प्रतीतपत्रमा भन्सार बिन्दु उल्लेख गर्नुपर्ने :

आयात प्रतीतपत्र खोल्दा आयात गरिने वस्तु जुन भन्सार बिन्दुवाट भित्रिने हो सो भन्सार बिन्दुको नाम र ठेगाना प्रतीतपत्रमा अनिवार्यरूपले उल्लेख गर्नुपर्नेछ । कथंकदाचित भन्सार बिन्दु परिवर्तन गर्नुपर्ने भएमा नेपाल सरकार, वाणिज्य विभागको स्वीकृति लिन आवश्यक पर्नेछ ।

१.५ भन्सार नाकाहरू :

नेपाल सरकारका विभिन्न कार्यालय, आयोजना तथा सरकारी संस्थानहरूले आयात गर्ने सामानबाहेक अन्य आयातकर्ताले तेश्रो मुलुकबाट भारतको भू-भाग भई (ट्रक वा रेल मार्ग) आयात गर्ने सम्पूर्ण बस्तुहरू निम्न भन्सार नाकाहरूबाट मात्र नेपाल भित्र्याउन पाइनेछ ।

(क) मेची भन्सार (ख) विराटनगर भन्सार (ग) बीरगञ्ज भन्सार (घ) भैरहवा भन्सार (ङ) नेपालगंज भन्सार (च) धनगढी भन्सार (छ) बीरगञ्ज सुख्खा वन्दरगाह ।

साथै, भारतको भू-भाग भई तेश्रो मुलुकमा निर्यात हुने व्यापारिक सर-सामानको हकमा पनि उपर्युक्त भन्सार बिन्दुहरू नै कायम गरिएका छन् ।

१.६ प्रतीतपत्रको रकम संशोधन :

बैंकले प्रतीतपत्र खोल्दा प्रतीतपत्रमा उल्लिखित रकमको १० (दश) प्रतिशत भन्दा बढी हुने गरी संशोधन गर्नुपरेमा नियमानुसार गर्नुपर्ने अन्य कुराहरूका अतिरिक्त आफ्नो केन्द्रीय कार्यालयसमेतको स्वीकृति लिनुपर्नेछ । तर, संशोधित रकम अमेरिकी डलर एकहजार वा सोभन्दा कम हुने भएमा यस्तो स्वीकृति लिन आवश्यक पर्ने छैन ।

१.७ केन्द्रीय स्तरवाट अनुगमन गर्नुपर्ने :

अमेरिकी डलर ५० हजारभन्दा बढी रकमको प्रतीतपत्र खोलिएकोमा सम्वन्धित बैंकको केन्द्रीय कार्यालयले अनिवार्यरूपमा अनुगमन गर्नुपर्नेछ ।

२. आयात प्रतीतपत्र अन्तर्गत भुक्तानी प्रकृया :

२.१ नेपाली आयातकर्ताको अनुरोधमा नियमानुसार खोलिने प्रतीतपत्रमा उल्लिखित विदेशस्थित वेनिफिसियरी (Beneficiary) को नाममा प्रतीतपत्र पठाउँदा आ-आफ्नो करेस्पोण्डेण्ट (Correspondent) बैंकमार्फत पठाउनुपर्नेछ ।

२.२ यस्ता प्रतीतपत्रहरू जारी गर्ने बैंकले आफ्नो करेस्पोण्डेण्ट (Correspondent) बैंकमार्फत प्राप्त भएका Documents लाई मात्र मान्यता दिनुपर्नेछ ।

२.३ वेनिफिसियरी (Beneficiary) लाई भुक्तानी पठाउँदा सम्वन्धित करेस्पोण्डेण्ट (Corresspondent) बैंकमार्फत मात्र पठाउनुपर्ने र वेनिफिसियरी (Beneficiary) लाई सोझै ड्राफ्ट वा अन्य कुनै माध्यमबाट भुक्तानी पठाउन मिल्ने छैन ।

२.४ नेपाल र भुटानबीच नियमानुसार प्रतीतपत्र खोली निर्यात तथा आयात कारोवार गर्दा भारतीय रूपैँयामा मात्र गर्नुपर्नेछ ।

३. धरौटी व्यवस्था :

परिवर्त्य विदेशी मुद्रामा भुक्तानी हुने गरी विभिन्न बैंकहरूमा खोलिएका आयात प्रतीतपत्रहरूमा लिनुपर्ने धरौटी सम्वन्धमा निम्न व्यवस्था गरिएको छ ।

३.१ काठमाडौं उपत्यकास्थित प्रतीतपत्र कारोवार गर्ने बैंकहरूका शाखा कार्यालयहरूले यस बैंकको बैंकिंग कार्यालयमा "प्रतीतपत्र धरौटी खाता" नामक खाता खोल्नुपर्नेछ ।

३.२ काठमाडौं उपत्यका बाहिरका बैंकहरूका शाखा कार्यालयहरूले भने आ-आफ्नो क्षेत्रस्थित यस बैंकका कार्यालयहरूमा त्यस्तो धरौटी खाता खोल्नुपर्नेछ ।

३.३ प्रतीतपत्र धरौटी खाताहरू खोल्ने बैंकहरूका कार्यालयहरूलाई छुट्टै चेकबुक उपलब्ध गराइनेछ ।

३.४ प्रचलित नियमानुसार परिवर्त्य विदेशी मुद्रामा भुक्तानी हुने गरी व्यापारिक प्रयोजनका लागि आयात प्रतीतपत्र खोल्दा सो प्रतीतपत्र अन्तर्गत विदेशी निर्यातकर्तालाई गरिने भुक्तानी सम्वन्धि कागजातहरू नेपाली बैंकमा प्राप्त भएपछि मात्र गरिने प्रावधान प्रतीतपत्रमा छ भने त्यस्तो विदेशी मुद्राको भुक्तानी पठाउनुअघि प्रतीतपत्रमा उल्लिखित विदेशी मुद्रा रकमको १० (दश) प्रतिशत वरावरको चेक उपरोक्त धरौटी खातावाट खर्च हुने गरी उल्लिखित भन्सार कार्यालयकै नाउँमा जारी गरेर मात्र वि.वि.नि.फा.नं.४ जारी गर्नुपर्नेछ ।

तर, निम्न कागजातहरू संलग्न भई आएको अबस्थामा भने धरौटी लिन नपर्ने व्यवस्था गरिएको छ ।

३.४.१. नेपाल सरकार, भन्सार बिभागले सम्बन्धित आयातकर्ताको नाममा जारी गरेको बण्डेड वेयरहाउस (Bonded Warehouse) को प्रमाणपत्र । (त्यसरी जारी भएको प्रमाणपत्रको म्याद नाघेको अवस्थामा नवीकरण भएको हुनुपर्ने)

३.४.२. आयात गरेको माल बस्तु छुटाउन नेपाल सरकारको सम्बन्धित भन्सार कार्यालयको नाममा जारी गरिएको बैंक ग्यारेण्टीको प्रतिलिपि ।

३.५ प्रतीतपत्र अन्तर्गतको भुक्तानी माथि ३.४ मा उल्लेख गरिएअनुरूप नभइ विदेशस्थित करेस्पोण्डेण्ट बैंक (एडभाइजिङ्ग बैंक, नेगोसियटिङ्ग बैंक, रिइमवर्सिङ्ग बैंक, कन्फर्मिङ्ग बैंक समेत) मार्फत सोझै नेपाली बैंकको खाता खर्च लेख्न सक्ने वा नेगोसियट गरी सोधभर्ना (Re-imbursement) का लागि पठाउन सक्ने प्रावधान भएका आयात प्रतीतपत्रहरूको हकमा त्यस्ता प्रतीतपत्रहरू जारी गर्नुअगावै सम्वन्धित आयातकर्तावाट प्रतीतपत्रमा उल्लिखित रकमको १० (दश) प्रतिशत वरावरको (संशोधन भएको भए सो समेत) चेक उल्लिखित भन्सार कार्यालयको नाउँमा जारी गरेर मात्र वि.वि.नि.फा.नं.४ जारी गर्नुपर्नेछ । यसरी जारी भएका उपरोक्त वि.वि.नि.फा.नं.४ सम्वन्धित भन्सारबाट प्रमाणित गराई बैंकमा बुझाउनुपर्ने म्याद १२० (एकसय बीस) दिन कायम गरिएको छ ।

३.६ प्रतीतपत्र अन्तर्गत कुनै Documents कलेक्शन (Collection) को आधारमा प्राप्त हुन आएमा वा नेगोसियट (Negotiate) भई आएमा समेत प्रतीतपत्र जारी गर्ने बैंकले Documents प्राप्त भएपछि भुक्तानी पठाउनुपर्ने नै भएपनि त्यस्ता Documents को आधारमा भुक्तानी पठाउनुअघि पनि माथि दफा ३.५ मा उल्लेख भए अनुसारको १० (दश) प्रतिशत धरौटी अनिवार्यरूपले लिनुपर्नेछ ।

माथि दफा ३.४, ३.५ र ३.६ मा जुनसुकै कुरा लेखिएको भएतापनि आयातकर्ताले Documents छुटाउन नआएको वा आयातकर्ताले बैंकलाई भुक्तानी दिई नसकेको अवस्थामा पनि वि.वि.नि.फा.नं.४ अनिवार्यरूपले जारी गर्नुपर्नेछ र त्यस्तो फाराम नियमानुसार यस बैंकलाई उपलव्ध गराउनुपर्नेछ । आयातकर्तालाई सो फाराम दिने वा नदिने बारे त्यस बैंककै व्यवस्था अनुसार हुनेछ ।

३.७ यसरी जारी गरिएको प्रत्येक चेकको पछाडी (क) प्रतीतपत्र नम्बर (ख) आयातकर्ता (ग) Invoice No. (इन्भ्वाईस नम्बर) (घ) Invoice (इन्भ्वाईस)मा उल्लिखित विदेशी मुद्रा रकम (ङ) निर्यातकर्ता र (च) वि.वि.नि.फा.नं ४ को सिरियल नम्बर अनिवार्यरूपले उल्लेख गर्नुपर्नेछ ।

३.८ आयातकर्ताले बुझाउनु पर्ने भन्सार महसुल लगायत अन्य राजश्व रकमको प्रयोजनको लागि समेत उक्त चेक प्रयोग गर्न सकिनेछ ।

३.९ सम्वन्धित भन्सार कार्यलयमार्फत त्यस्ता चेकहरू यस बैंकका बैकिङ्ग कार्यालय तथा अन्य कार्यालयहरूमा प्राप्त हुन आएपछि ती कार्यालयले भन्सार कार्यालयलाई तत्काल भुक्तानी गरी निम्नानुसार गर्नुपर्नेछ ।

(क) उक्त चेक जारी गर्ने बैंकको "प्रतीतपत्र धरौटी खाता" सोही कार्यालयमा छ भने सोही खाता खर्च गरी सोको जानकारी सम्वन्धित बैंकलाई दिने । (नियमितरूपमा उपलव्ध गराईने स्टेटमेण्टको माध्यमबाट)

(ख) चेक जारी गर्ने बैंकको "प्रतीतपत्र धरौटी खाता" सोही कार्यालयमा नभएमा पनि त्यस्ता चेकहरू बिल खरीदको माध्यमबाट सम्वन्धित भन्सार कार्यालयलाई भुक्तानी दिई त्यस्ता चेक यस बैंकको सम्वन्धित कार्यालयमा पठाइदिने र यसरी प्राप्त भएपछि उक्त कार्यालयले सम्वन्धित बैंकको खाता खर्च गरी चेक पठाई दिने कार्यालयको नाउँमा सामान्य हिसाबमा जम्मा गरी दिने र सोको जानकारी जारी गर्ने सम्वन्धित बैंकलाई दिने । (नियमित रूपमा उपलव्ध गराईने स्टेटमेण्टको माध्यमबाट)

३.१० भन्सार कार्यालयको नाममा त्यस्ता चेक जारी गर्दा सम्वन्धित आयातकर्ताबाट आवश्यक रकम लिई त्यस्ता चेक जारी गर्ने बैंकले यस बैंकको सम्बन्धित कार्यालयहरूमा खोलिएका आ-आफ्नो "प्रतीतपत्र धरौटी खाता"मा आवश्यक रकम रकमान्तर गर्नुपर्नेछ । त्यस्ता चेकहरूवापत खाता खर्च लेख्दा कथंकदाचित खातामा पर्याप्त मौज्दात नभएमा सम्वन्धित बैंकको अन्य खाताबाट खर्च लेखिनेछ । अन्य खाताहरूमा पनि पर्याप्त रकम नरहेको अवस्थामा यस बैंकले निर्धारण गरेअनुसारको व्याज हर्जाना लिइनेछ ।

३.११ जारी गरिएका चेकहरूमा प्रोटेक्टोग्राफ (Protectograph) र जारी गर्ने बैंकको नाम र ठेगाना प्रष्ट खुल्नुपर्नेछ । साथै चेक तयार गर्दा नियमानुसारका सवै रीत पुऱ्याई जारी गर्नु पर्नेछ । अन्यथा जे जस्तो अवस्थाको चेक भएतापनि सम्वन्धित बैंकको खाता खर्च गरी भन्सार कार्यालयलाई भुक्तानी दिइने हुँदा यसबाट पर्न सक्ने नकारात्मक प्रभावको जिम्मेवारी चेक जारी गर्ने सम्वन्धित बैंककै हुनेछ । साथै, कुनै बैंकले यस्तो चेक जारी

गर्दा आफ्नो नाम, ठेगाना नखुलाएको खण्डमा चेक जारी गरेको मितिदेखि भन्सार कार्यालयलाई भुक्तानी नभएसम्मको अवधिका लागि वार्षिक सयकडा २० (बीस) प्रतिशतका दरले हर्जाना व्याजसमेत असुल उपर गरिनेछ ।

३.१२ यदि कुनै आयातित वस्तुहरूमा लाग्ने सम्पूर्ण महसूल १० (दश) प्रतिशत भन्दा कम भएको कारण १० (दश) प्रतिशत वरावर रकमको चेक जारी गर्न उपयुक्त नहुने व्यहोराको निवेदन आयातकर्तावाट प्राप्त भएमा उक्त निवेदनमा उल्लेख गरे अनुसारको प्रतिशतले हुने रकम वरावरको चेक जारी गर्ने र वाँकी रकम धरौटीको रूपमा लिई वि.वि.नि.फा.नं.४ जारी गर्नुपर्नेछ । उपर्युक्त धरौटी रकम सम्वन्धित बैंकले फिर्ता दिन सक्नेछ । यस्तो रकम फिर्ता दिनुअघि सम्वन्धित बैंकले (क) भन्सार कार्यालयवाट Endorse (इण्डोर्स) भईआएको वि.वि.नि.फा.नं.४ को सक्कल प्रति, (ख) प्रज्ञापनपत्रको प्रतिलिपि र (ग) राजश्व तिरेको रसिद अनिवार्य रूपमा प्राप्त भएको हुनुपर्नेछ । कथंकदाचित धरौटी बापतको चेकहरू रद्द गर्नुपरेमा निम्न कागजात हेरी जाँची सम्वन्धित बैंक आफैले रद्द गर्न सक्ने छ ।

आवश्यक कागजातहरू :

(क) आयात भन्सार प्रज्ञापनपत्र ।

(ख) राजश्व वापत रकम बुझाएको निस्सा ।

(ग) सम्वन्धित भन्सार कार्यालयवाट प्रमाणित भई आएको बि.बि.नि.फा.नं.४ ।

३.१३ औद्योगिक फर्मले गर्ने आयातमा २ (दुई) प्रतिशत मात्र धरौटी लाग्नेछ । आयातकर्ता औद्योगिक फर्मले चाहेमा उक्त धरौटी रकम वरावरको एकाउण्टपेयी चेक सामान भित्रिने भन्सार कार्यालयको नाममा जारी गर्न सकिनेछ । साथै चेक सम्वन्धी सम्पूर्ण प्रावधानहरू व्यापारिक फर्मको लागि गरिएको प्रचलित व्यवस्था अनुसार नै हुनेछ । उपर्युक्त २ (दुई) प्रतिशत वरावरको धरौटीबापत चेक जारी नभएका केशहरूको हकमा प्रतीतपत्र, भन्सार तिरेको रसीद र वि.वि.नि.फा.नं.४ को दोस्रोप्रति भन्सार कार्यालयबाट प्रमाणित भई सम्बन्धित बैंकमा फिर्ता नआएसम्म सो रकम धरौटीको रूपमा नै राखिरहनु पर्नेछ र भन्सार कार्यालयबाट कागजात प्रमाणित भई आएपछि सो रकम बैंक आफैले फिर्ता गर्न सक्नेछ ।

३.१४ व्यापारिक फर्म र औद्योगिक फर्मबाहेक निम्न प्रतीतपत्रहरूमा माथि उल्लेख भए बमोजिम धरौटी लिनु नपर्ने गरिएकोछ ।

(क) परिवर्त्य विदेशी मुद्रामा खाता भएका खातावालाले सो खाता खर्च हुने गरी खोलेका प्रतीतपत्रहरू,

(ख) कूटनैतिक सुविधा प्राप्त निकायले खोलेका प्रतीतपत्रहरू,

(ग) नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व प्राप्त संस्थानहरूले खोलेका प्रतीतपत्रहरू, र

(घ) विदेशी ऋण, सहयोग र सहायता अन्तर्गत विदेशबाटै शोधभर्ना (Reimbursement) हुने गरी खोलिएका प्रतीतपत्रहरू ।

३.१५ प्रतीतपत्र खोल्ने बैंकको शाखा कार्यालयबाट जारी भई सकेको वि.वि.नि.फा.नं.४ निर्धारित समयभित्र फिर्ता आए/नआएको र धरौटी वापत जारी चेकहरू भुक्तानी भए/नभएको वारे नियमित रूपले अनुगमन गर्नुपर्नेछ । कथंकदाचित चेक जारी भएको मितिले वढीमा ९० (नव्वे) दिनभित्र पनि कुनै चेकको भुक्तानी नभएको देखिन आएमा त्यस्ता चेक सम्वन्धी सम्पूर्ण विवरण उक्त म्याद नाघेको मितिले वढीमा १५ (पन्ध्र) दिनभित्र यस विभागलाई जानकारी गराउनु पर्नेछ । त्यस्तै यस सम्बन्धी तोकिएका कुनै फाराम निर्धारित समयभित्र नआएमा सोको जानकारी समेत यस विभागलाई दिनुपर्नेछ । साथै, भन्सार कार्यालयको नाममा जारी गरिएका धरौटी बापतका चेक म्यादभित्र प्रयोग हुन नसकी म्याद थप गर्न आएमा सम्वन्धित बैंक आफैले त्यस्ता चेकको म्याद थप गर्नसक्ने व्यवस्था गरिएको छ ।

३.१६ प्रतीतपत्र नखोली यस बैंकको स्वीकृति अनुसार ड्राफ्ट/टि.टि.को माध्यमबाट आयात गर्दा, १० (दश) प्रतिशत धरौटीको सम्बन्धमा पनि चेक सम्बन्धी माथि उल्लिखित व्यवस्था लागू हुनेछ । चेकको पछाडी विवरण भर्दा प्रतीतपत्र नम्बरको सट्टा यस बैंकको अनुमति पत्र नंम्बर उल्लेख गर्नुपर्नेछ ।

३.१७ रासायनिक मलको कारोवारमा निजी क्षेत्रलाई समेत सहभागिता गराउने सम्वन्धमा रासायिनक मलहरूको गुणस्तर (Specification) अनुसार आयात प्रतीतपत्र खोल्नुपर्ने र सो प्रतीतपत्रको १ (एक) प्रति नेपाल सरकार, कृषि तथा सहकारी मन्त्रालय, रासायिनक मल इकाइ, सिंहदरबारमा पठाउने । कुनै आयातकर्ताले प्रतीतपत्र मार्फत रासायनिक मल आयात गर्न चाहेमा सम्वन्धित बैंक आफैले देहाए बमोजिमको शर्तहरूको अधिनमा रही प्रचलित व्यवस्था अन्तर्गत रही प्रतीतपत्र खोल्न सक्ने व्यवस्था गरिएकोछ ।

(क) रासायनिक मलको आयात मूल्यको २ (दुई) प्रतिशतले हुने रकम बराबरको नगद वा बचतपत्र वा विकास ऋणपत्र वा सम्बन्धित बैंकलाई मान्य हुने सुरक्षणपत्र धरौटीको रूपमा राखी प्रतीतपत्र खोल्न सक्नेछ ।

(ख) रासायनिक मलको आयात प्रतीतपत्र खोलीसकेपछि प्रतीतपत्र रकम बराबरको मल आयात नभएमा सम्बन्धित बैंकले त्यस्ता सुरक्षणपत्र रोक्का गरी ७ (सात) दिनभित्र यस विभागलाई अनिवार्यरूपमा जानकारी गराउनुपर्ने छ ।

**द्रष्टव्यः बैंक ग्यारेन्टीको आधारमा रासायनिक मल आयात गर्नुपरेमा भने यस बैंकको स्वीकृति अनिवार्य रुपमा लिनुपर्नेछ ।**

४. <u>आयात प्रतीतपत्र सम्वन्धी अन्य अनिवार्य व्यवस्थाहरू</u> :

४.१ प्रतीतपत्र खोलेको मितिभन्दा अघि ढुवानीकर्ता (Transporter) बाट जारी भएको ढुवानी सम्वन्धी कागजात (Transport Documents) को आधारमा बैंकले प्रतीतपत्रको भुक्तानी दिन तथा सो प्रतीतपत्रसँग सम्वन्धित अन्य काम कारवाही गर्नुपरेमा **Uniform Customs & Practice on Documentary Credit 500** अन्तर्गत रही तपसीलमा

उल्लिखित अवस्थाका प्रतीतपत्रहरू संशोधन सम्बन्धित बैंकले नै गर्न सक्ने व्यवस्था गरिएको छ ।

(क) आयात गरिने सामान नेपालको भन्सार बिन्दुमा आई पुगी नसकेको यकिन हुने प्रमाण सहित संशोधनका लागि अनुरोध गरेमा, र

(ख) जुन भन्सार बिन्दुबाट सामान आउने हो सो भन्सार कार्यालयबाट सामानको विवरण समेत उल्लेख गरी लेखेको पत्र सम्वन्धित बैंकमा प्राप्त भएमा र त्यस्तो विवरण प्रतीतपत्रमा उल्लिखित विवरणसँग मेल खाएमा ।

४.२ दफा-४.१ मा उल्लिखित ढुवानी सम्वन्धी कागजात (Transport Document) जारी भएको मितिभन्दा ४५ (पैंतालीस) दिन पछाडि सम्वन्धित बैंकमा प्राप्त हुन आएमा त्यस्ता प्रतीतपत्रको छुट्टै विवरण मासिकरूपमा यस विभागमा पठाउनुपर्नेछ ।

४.३ औद्योगिक फर्महरू आफैले आयात गर्नको लागि खोलिएको प्रतीतपत्रको हकमा धरौटीबापत यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभागको परिपत्र संख्या बै.वि.नि./वित्त १४८/१/०६२/६३ मिति २०६२/३/२९ अनुरूप बैंकलाई मान्य हुने भएमा नेपाल सरकारको ऋणपत्र वा नेपाल राष्ट्र बैंकको ऋणपत्र लिए पनि हुनेछ ।

४.४ भन्सार कार्यालयवाट वि.वि.नि.फा.नं.४ प्राप्त भएपछि सम्वन्धित बैंकले भन्सार रसिदको फोटोकपी सक्कल रसिदसँग भिडाई प्रमाणित गरि राख्नुपर्नेछ ।

४.५ सम्वन्धित बैंकले यस विभागमा पेश गर्नुपर्ने वि.वि.नि.फा.नं.३ को एकप्रति प्रतीतपत्रमा उल्लिखित भन्सार बिन्दुमा पनि अनिवार्यरूपमा पठाउनुपर्ने ।

४.६ सम्वन्धित बैंकले जारी गर्ने वि.वि.नि.फा.नं.४ को भन्सारबाट प्रमाणित हुनुपर्ने प्रति सवै बैंकहरूमा एकरूपता कायम हुने गरी सुरक्षायुक्त कागज (Security Paper) मा छपाएर प्रयोगमा ल्याउनुपर्नेछ । यस्तो एकरूपता कायम गर्न नेपाल बैंकर्स एशोसियशनले समन्वय गर्नेछ ।

४.७ आयातकर्ताले बैंकसँग प्रतीतपत्र सम्बन्धी कारोवार गर्दा सम्वन्धित फर्म वा कम्पनीको नाममा खोलिएको खाताबाट मात्र गर्नुपर्नेछ । फर्म वा कम्पनीको नाममा खाता खोल्दा सम्बन्धित फर्म वा कम्पनीको अधिकारप्राप्त अधिकारी स्वयं उपस्थित भई गरेको दस्तखत सम्बन्धित बैंकका अधिकृतबाट सनाखत गरी प्रमाणित गर्नुपर्नेछ ।

४.८ खाता खोल्दा आवश्यक पर्ने कागजातका प्रतिलिपिहरू सम्बन्धित बैंकका अधिकृतले सक्कल कागजात हेरी प्रमाणित गर्नुपर्नेछ ।

४.९ प्रतीतपत्र खोल्नको लागि आवश्यक पर्ने निम्न कागजातका प्रतिलिपिहरू प्रत्येक आर्थिक वर्षमा एकपटक सम्बन्धित बैंकका अधिकृतले सक्कल हेरी प्रमाणित गर्नुपर्नेछ ।

(क) अध्याबधिक भएको फर्मको दर्ता प्रमाणपत्र वा कम्पनी दर्ता प्रमाणपत्र,

(ख) अध्याबधिक भएको आयकर दर्ता प्रमाणपत्र,

(ग) अधिकारप्राप्त व्यक्तिको नागरिकताको प्रमाणपत्र ।

४.१० बैंकमा प्रतीतपत्र खोल्ने फर्म वा कम्पनीले आफ्नो तर्फबाट काम गर्न कसैलाई अख्तियारी दिंदा फर्म वा कम्पनीका प्रोप्राईटर वा संचालक वा कार्यकारी प्रमुख जस्ता आधिकारिक व्यक्ति स्वयं उपस्थित भई सही गरी अख्तियारी दिने र अख्तियारी पाउने व्यक्तिको बास्तबिक पहिचान (नाम, थर, ठेगाना, निजसँगको सम्बन्ध, टेलिफोन नम्बर, Fax नम्बर तथा नागरिकताको प्रमाणित प्रतिलिपि) बैंकलाई उपलब्ध गराउनुपर्नेछ । तर, नेपाल सरकार, नेपाल सरकारको स्वामित्व रहेको संस्था वा पब्लिक लिमिटेड कम्पनीको हकमा अधिकार प्राप्त अधिकारीले प्रमाणित गरेको अख्तियारी भए पुग्ने भएकोले यो दफा र उप-दफा ४.७ लागू हुने छैन ।

४.११ दफा-४.१० बमोजिम अख्तियारी दिंदा अख्तियारी पाउने व्यक्तिले गरेको काम कारवाहीको सम्पूर्ण जिम्मेवारी अख्तियारी दिनेको समेत हुने ब्यहोराको लिखत गराउनु पर्नेछ ।

४.१२ सम्वन्धित बैंकले प्रचलित निर्देशनको अधिनमा रही अरू कसैको जमानतमा प्रतीतपत्र खोल्दा प्रतीतपत्रमा उल्लिखित सामान पैठारी नभई विदेशी मुद्रा अपचलन भएमा वा राजश्व चुहावट भएमा प्रतीतपत्र खोल्ने निवेदनसँगै त्यस्तो जमानी दिने व्यक्ति फर्म वा कम्पनी समेत पूर्ण जिम्मेवारी हुने व्यहोराको कागज गराउनुपर्नेछ ।

४.१३ सम्वन्धित बैंकले ५० (पचास) प्रतिशत वा सोभन्दा बढी नगद मार्जिन लिई खोलिएका आयात प्रतीतपत्रहरूको फेहरिस्त महिना समाप्त भएको ७ (सात) दिनभित्र यस विभागमा पेश गर्नुपर्नेछ ।

४.१४ तेस्रो मुलुकबाट सामान आयात हुने गरी खोलिएको प्रतीतपत्र मार्फत भारतबाट सामान आयात गर्न तथा त्यस्तो आयातको भुक्तानी गर्न पाइने छैन ।

४.१५ (क) सम्बन्धित भन्सार कार्यालयबाट फिर्ता प्राप्त भएको वि.वि.नि.फा.नं.४ को प्रमाणिकता यकिन गर्न भन्सार अधिकृतहरूको अद्याबधिक दस्तखत नमूना भन्सार कार्यालयले अनिबार्यरूपमा बैंकहरूलाई उपलब्ध गराउनुपर्नेछ ।

(ख) बैंकले जारी गर्ने वि.वि.नि.फा.नं.४ को प्रमाणिकता यकिन गर्न बैंकका अधिकृतहरूको अद्याबधिक दस्तखत नमूना बैंकले भन्सार कार्यालयहरूमा अनिवार्यरूपमा उपलब्ध गराउनुपर्नेछ ।

४.१६ वि.वि.नि.फा.नं.४ लगायत प्रमाणित गर्नुपर्ने सबै कागजात प्रमाणित गर्दा सम्वन्धित अधिकृतको दस्तखत नमूना अनुरूपकै दस्तखत गरी प्रमाणित गर्नुपर्नेछ ।

४.१७ बैंकले वि.वि.नि.फा.नं.४ सम्वन्धित भन्सार कार्यालयमा पठाउँदा निम्न लिखित कागजातहरू पनि प्रमाणित गरी पठाउनुपर्नेछ ।

(क) प्रतीतपत्रको कपी (संशोधन भएको भए सो समेत)

(ख) व्यापारिक विजक (Commercial Invoice)

(ग) ढुवानी सम्वन्धी कागजात (Transport Document)

(घ) उत्पत्तिको प्रमाणपत्र (Certificate of Origin)

(ङ) प्याकिङ्ग लिष्ट (Packing List)

साथै, भारतबाट परिवर्त्य विदेशी मुद्रामा आयात हुने भए Invoice सँगै AR-4/AR-4A भन्ने फर्म वा Nepal Invoice कागजातहरू पनि प्रमाणित गरी पठाउनुपर्नेछ ।

४.१८ वि.वि.नि.फा.नं.४ जारी गर्दा र फिर्ता पठाउँदा निम्नानुसारको व्यवस्था गर्ने :

(क) बैंक र भन्सारबीच कागजात आदान प्रदान गर्दा शिल (लाहा) छाप प्रयोग गर्नुपर्ने,

(ख) बैंकले वि.वि.नि.फा.नं.४ जारी गर्दा प्रत्येक भन्सार बिन्दु पिच्छे अलग अलग फाईल खडा गरी सोही फाईलबाट सिलसिला मिलाई सिरियल नम्बर राख्नुपर्ने,

(ग) भन्सार कार्यालयले पनि वि.वि.नि.फा.नं.४ प्रमाणित गरी बैंकमा पठाउँदा बैंकको शाखा अनुसार अलगअलग फाईल खडा गरी सोही फाईलबाट सिलसिला मिलाई सिरियल नम्बर राख्नुपर्ने,

(घ) भन्सार कार्यालयले खण्ड (ग) अनुसार राखिएको अभिलेखको प्रतिलिपि १५/१५ दिनमा सम्बन्धित बैंकको शाखामा अनिवार्यरूपले पठाउनुपर्ने, र

(ङ) भन्सार कार्यालयबाट अभिलेख प्राप्त भएपछि सम्बन्धित बैंकले आफ्नो अभिलेख (सिरियल नम्बर र रकम) सँग भिडाउनुपर्ने र नभिडेमा अबिलम्ब सोको जानकारी यस विभागलाई दिनुपर्नेछ ।

४.१९ सम्वन्धित बैंकले मूलप्रतिको अभावमा प्रतिलिपि कागजात (Copy Dcoument) को आधारमा वि.वि.नि.फा.नं.४ जारी गर्नुपर्ने भएमा त्यस्ता कागजातमा दरपीठ (Endorse) गरी आयातित बस्तुको मूल्य वरावरको रकम लिएर मात्र सो फा.नं. ४ जारी गर्नुपर्ने र निर्यातकर्तालाई भुक्तानी पठाउँदा भने निर्यातकर्ताको बैंकबाट प्राप्त आधिकारिक कागजातहरूको आधारमा मात्र पठाउन पाईनेछ । पछि भुक्तान हुने गरी खोलिएको प्रतीतपत्र (Usance Bill) को हकमा भने यो बन्देज लागू हुने छैन ।

४.२० सामान्यतया रेड क्लज (Red Clause) राखी प्रतीतपत्र खोल्न पाईने छैन । तर आयात प्रतीतपत्रको माध्यमबाट अग्रिम भुक्तानी पठाउने हकमा त्यस्तो अग्रिम भुक्तानी आयातकर्ताको आफ्नै परिवर्त्य विदेशी मुद्रा खातामा रहेको मौज्दातबाट खर्च व्यहोरिने हो भने अग्रिम भुक्तानीको व्यवस्थासमेत राखी आयात प्रतीतपत्र खोल्न सकिनेछ । यस्तो केशमा सम्बन्धित बैंकले भुक्तानी भए अनुरूपको बस्तु/सेवा आयात भए/नभएको वारे अनिवार्यरूपमा अनुगमन गर्नुपर्नेछ र कथंकदाचित तोकिएको समयभित्र उक्त बस्तु/सेवा आयात नभएको पाईएमा अनिवार्यरूपमा यस विभागलाई जानकारी दिनुपर्नेछ ।

साथै, भारतीय रूपैंयामा प्रतीतपत्रको माध्यमबाट अग्रिम भुक्तानी पठाउनु पर्ने भएमा प्रचलित व्यवस्था अन्तर्गत रही सटही प्रदान गर्न सकिनेछ ।

माथि उल्लेख भएको अवस्था वाहेक माल बस्तु तथा सेवाहरू आयात गर्न प्रचलित व्यबस्था बमोजिम खोलिएका प्रतीतपत्र अन्तर्गत अग्रिम भुक्तानी पठाउनुपरेको

खण्डमा देहायमा उल्लिखित सर्तहरूको अधिनमा रही त्यस्तो अग्रिम भुक्तानी पठाउन सकिने छ ।

(क) त्यस्तो अग्रिम भुक्तानी गर्नु परेमा सामान्यतया Beneficiary को तर्फबाट भुक्तानी पठाइने रकम बरावरको बैंक ग्यारेण्टी (नेपालको बैंकको नाममा) उपलव्ध गराउनु पर्ने ।

(ख) कथंमकदाचित त्यस्तो बैंक ग्यारेण्टी उपलव्ध गराउन नसकिने भएमा भुक्तानी पठाउन चाहेको रकमको १० (दश) प्रतिशतले हुने रकम सम्वन्धित बैंकमा धरौटीको रूपमा राख्नु पर्ने र सो रकम यस विभागवाट लेखी नआएसम्म फिर्ता दिन नपाइने ।

(ग) काम सम्पन्न भएको निस्सा पेश गरेपछि यस विभागले सो रकम फिर्ता गर्न सम्बन्धित बैंकलाई लेखी पठाउने ।

(घ) काम सम्पन्न भएको निस्सा पेश गर्नुपर्ने समयावधि बढीमा ६ (छ) महिना कायम गर्ने ।

(ङ) तोकिएको समयावधिभित्र काम सम्पन्न गरी सोको निस्सा पेश नगरेको खण्डमा उक्त कार्यवाट विदेशी मुद्रा अपचलन भएको मानिने र यस सम्बन्धी थप कारवाही प्रचलित कानून बमोजिम गरिने ।

४.२१ आयातित बस्तुको उत्पत्तिको प्रमाणपत्र (Certificate of Origin) चेम्बर अफ कमर्स, सरकारी कार्यालय, सम्बन्धित संघ संस्था जस्ता अधिकार प्राप्त सम्बन्धित निकायबाट जारी भएको हुनुपर्नेछ । तर आयातकर्ताले मन्जुरी गरेमा निर्यातकर्ताले जारी गरेको उत्पत्तिको प्रमाणपत्र (Certificate of Origin) पनि मान्य हुनेछ ।

४.२२ कम्पनीबाहेक अन्य फर्मको हकमा दर्ता प्रमाणपत्रमा उल्लिखित पूँजीको २० (बीस) गुणाभन्दा बढी रकमको प्रतीतपत्र दायित्व बाँकी रहने गरी प्रतीतपत्र खोल्न पाईने छैन ।

४.२३ प्रोफर्मा इन्भ्वाइस (Proforma Invoice) वा ईन्डेण्ट (Indent) वा बिक्री सम्झौतापत्र (Sales Contract) मा निम्न व्यहोरा उल्लेख हुनुपर्नेछ ।

(क) सामानको नाम, ब्राण्ड र मोडेल नम्बर भए सो समेत ।

(ख) सामान उत्पादन गर्ने मुलुकको नाम ।

(ग) हार्मोनिक कोड नं. ।

(घ) इकाई मूल्य ।

(ङ) परिमाण ।

(च) कुल मूल्य ।

आयात हुने बस्तुहरूको सूची लामो भएको कारणले सम्पूर्ण बस्तुहरू प्रतीतपत्रमा खुलाउन ब्यबहारिक दृष्टिकोणले नसकिने भएमा प्रचलित व्यवस्था अनुसार उक्त

प्रतीतपत्रसँग सम्बन्धित वि.वि.नि.फा.नं.३ सम्बन्धित निकायमा पठाउँदा अनिवार्यरूपले जुन Invoice को आधारमा प्रतीतपत्र खोलिएको हो सो Invoice मा सम्बन्धित बैंकले आफूले खोलेको प्रतीतपत्र नम्बर समेत उल्लेख गरी उक्त Invoiceको प्रमाणित प्रति संलग्न गर्नुपर्नेछ ।

साथै, यस सम्बन्धमा हार्मोनिक कोड नंवर उल्लेख गर्दा नेपाल सरकार, भन्सार विभागले प्रकाशित गर्ने भन्सार महशुल दरवन्दी कितावमा उल्लेख गरे अनुरुप आठ अङ्कको कोड नं. अनिवार्यरूपले उल्लेख गर्नुपर्ने व्यबस्था गरिएको छ । प्रतीतपत्र खोल्दा उपर्युक्त बिबरण अनिवार्य रूपले प्रतीतपत्रमा नै उल्लेख गर्नुपर्नेछ ।

औद्योगिक फर्म/कम्पनीहरूले आयात गर्ने मेशिनरी तथा औजारहरूको हकमा भने त्यसरी खोलिने प्रतीतपत्रमा बस्तुहरूको सूची लामो भएको कारणले उपर्युक्तानुसार सम्पूर्ण वस्तुहरूको विवरण खुलाउन व्यवहारिक दृष्टिकोणले नसकिने भएमा सम्बन्धित निकायमा बि.बि.नि.फा.नं.३ एवम् प्रतीतपत्रको बिबरण पठाउँदा उपर्युक्त सबै बिबरण उल्लेख भएको प्रोफर्मा इन्भ्वाइस (Proforma Invoice) तहाँवाटै प्रमाणित गरी प्रतीतपत्रको विवरण साथ इन्भ्वाइस (Invoice) समेत पठाउन सकिने छ ।

४.२४ बैंकले कुनै फर्म/कम्पनीसँग पहिलो पटक प्रतीतपत्र कारोवार गर्दा त्यस्तो फर्मको व्यापारिक हैसियत, अनुभव, फर्म वा कार्यालय रहेको स्थान, फोन नम्बर, Fax नम्बर तथा हिस्सेदारहरूको विश्वसनियताको सम्बन्धमा विस्तृत जानकारी लिएर मात्र कारोवार गर्नुपर्नेछ ।

४.२५ प्रत्येक बैंकले प्रतीतपत्र कारोवार गर्ने आफ्ना कार्यालयहरूको ६/६ महिनामा आन्तरिक लेखा परीक्षण गरी सोको प्रतिवेदन यस विभागमा पठाउनुपर्नेछ ।

४.२६ बैंकले भारतीय पोर्टबाट सामान छुटाउने, चलान गर्ने र ढुवानी गर्ने क्लियरिङ्ग फरवार्डिङ्ग एजेन्ट तथा ट्रान्सफोर्ट कम्पनीहरूको प्यानल खडा गरी सोही प्यानलमा रहेका एजेन्ट तथा कम्पनीहरू मार्फत मात्र कारोवार गर्नुपर्नेछ ।

५. <u>अन्य व्यवस्थाहरू</u> :

५.१ <u>Deferred Payment सम्बन्धी व्यवस्था</u> :

प्रतीतपत्र खोल्दा प्रतीतपत्रको भुक्तानी At Sight Basis हुनुपर्नेछ । तर Deferred Payment वा Suppliers Credit अन्तर्गत खोलिने Usance प्रतीतपत्रहरू जतिसुकै अवधिको पनि हुन सक्नेछ । यसरी खोलिएका प्रतीतपत्रहरूको Documents सम्वन्धित बैंकले चाहेमा Discount समेत गर्न सक्नेछ ।

५.२ <u>वन्डेड वेयरहाउस (Bonded Warehouse) अन्तर्गत आयात गर्ने बस्तुहरूको सम्बन्धमा</u> :

प्रचलित कानून बमोजिम स्थापना भएका तयारी पोशाक उद्योग स्वयंम्ले आ-आफ्नो उद्योगको निमित्त बिदेशवाट कच्चा पदार्थ आयात गर्ने भएमा त्यस्ता उद्योगहरूलाई Usance प्रतीतपत्रको सुबिधा दिने र यस प्रकारको सुबिधा वन्डेड वेयर हाउस (Bonded Warehouse)अन्तर्गत आयात गर्नदिने बस्तुहरूमा मात्र प्रदान गर्न सकिनेछ ।

५.३ परिवर्त्य विदेशी मुद्रामा भुक्तानी हुने गरी खोलिएका आयात प्रतीतपत्रमा उल्लिखित रकमभन्दा बढी रकमको कागजात (Documents) प्राप्त भएको अवस्थामा सम्वन्धित प्रतीतपत्रको Terms and Condition भित्र रही जतिसुकै रकमको त्यस्ता कागजात पनि तहाँबटै स्वीकार गर्न सकिनेछ ।

भवदीय,

(रामजी रेग्मी)
का.मु. कार्यकारी निर्देशक

(इ.प्रा. परिपत्र संख्या- ३८१ प्रयोजनका लागि)

वि.वि.नि.फा.नं.४ (घ)

मिति :

.......................
.................... **शाखा**

**क्रेडिट सुविधा (Usance प्रतीतपत्र) अन्तरगत भुक्तानी गरेको प्रमाणपत्र**

श्री नेपाल राष्ट्र बैंक
विदेशी विनिमय व्यवस्थापन विभाग
बालुवाटार, काठमाडौं ।

महाशय,

तल उल्लिखित आयातकर्ताले क्रेडिट सुविधा (Usance प्रतीतपत्र) अन्तरगत खोलेको प्रतीतपत्रबाट मिति ........................... मा छुटाएको Document को भुक्तानी निम्न वमोजिम भएको ब्यहोरा प्रमाणित गर्दछु ।

१. आयातकर्ताको नाम :
२. प्रतीतपत्र नं. :
३. प्रतीतपत्र खोल्दाको मिति :
४. प्रतीतपत्र खोल्दाको रकम :
५. भुक्तानी गरिएको वि.मु. रकम :
६. भुक्तानी मिति :
७. बिनिमय दर :

...........................................
अख्तियार प्राप्त अधिकारीको दस्तखत
बैंकको छाप :

(इ.प्रा. परिपत्र संख्या- ३८१ प्रयोजनका लागि)

## वि.वि.नि.फा.नं. ३

सि.नं. मिति :

……………………. बैंक
…………………….शाखा ।

**विषयः प्रतीतपत्र खोलेको विवरण ।**

श्री मैनेंजरज्यू

कृपया निम्न विवरण वमोजिमको आयात प्रतीतपत्र ………………….. विक्रेता/उत्पादनकर्ता फर्मको नाममा (क) खोली दिनुहुन (ख) संशोधन (ग) रद्द गरिदिनु हुन अनुरोध गर्दछु ।

१. खोलिने प्रतीतपत्र सम्बन्धी विवरण :
   (क) प्रतीतपत्र खोलिने कुल विदेशी मुद्रा रकम :
   (ख) सामान चलान हुने देश :
   (ग) सामान आयात हुने भन्सार प्रवेश विन्दु :

२. आयात गरिनेसामानको नाम हार्मोनिक कोड नं. परिमाण मूल्य (वि.मु.रकम)

निवेदकको दस्तखत

संशोधन तथा रद्दको हकमा :

१. प्रतीतपत्र नम्बर
२. संशोधन गर्नुपर्ने वुँदाहरू
   (क)
   (ख)

फर्मको नाम :
ठेगाना :
आयकर दर्ता नम्बर

---

**सम्बन्धित बैंकले भर्नुपर्ने विवरण**

१. आयात प्रतीतपत्र नम्बर
२. खोलेको मिति (इ.सं.मा)
३. बहाली मिति
४. प्रतीतपत्र खोलेको रकम (विमु.मा)
५. भुक्तानीको श्रोत : (क) बैंकको मौज्दातबाट
   (ख) आयातकर्ताको विदेशी मुद्रा खाताबाट
६. विनिमय दर :
७. एडभाइजिङ्ग बैंकको नाम :
८. प्रतीतपत्रको भुक्तानी व्यवस्था : (क) साइट (ख) यूसान्स (कति अवधिको)

उपरोक्त विवरण वमोजिम नियमानुसार आयात प्रतीतपत्र (क) खोलेको (ख) संशोधन (ग) रद्द गरेको व्यहोरा प्रमाणित गर्दछु ।

अख्तियार प्राप्त अधिकारीको दस्तखत
बैंकको छाप :



(इ.प्रा. परिपत्र संख्या- ३८१ प्रयोजनका लागि)

## वि.वि.नि.फा.नं.४

..........................
.........................शाखा

सि.नं. 　　　　　　　　　　　　　　　　　　　　　　मिति :

..........................
..........................
..........................।

**विषयः पैठारीको भुक्तानी प्रमाणपत्र ।**

महाशय,

निम्न विवरण वमोजिमका सामानको पैठारीको लागि मेशर्श श्री............................ ले यस बैंकबाट निम्नानुसार (क) भुक्तानी गरी (ख) क्रेडिट सुविधा (युसान्स प्रतीतपत्र) अन्तर्गत कागजात छुटाउनु भएको व्यहोरा प्रमाणित गर्दछु ।

१. आयात प्रतीतपत्र नम्बर 　　　　　　　　　२. प्रतीतपत्र खोलेको वि.मु.रकम
३. भुक्तानी गरिएको वि.मु.रकम 　　　　　　　४. भुक्तानी गरिएको मिति
५. क्रेडिट सुविधा अन्तर्गतको वि.मु.रकम 　　　　६. विनिमय दर
७. भुक्तानीको श्रोत : (क) बैंकको मौज्दातबाट (ख) आयातकर्ताको वि.मु. खाताबाट
८. भुक्तानी गरिएको सामानको विवरण 　हार्मोनिक कोड नं. 　परिमाण 　भुक्तानी रकम (वि.मु.)

_______________________
अख्तियार प्राप्त अधिकारीको दस्तखत
छाप :

---

**भन्सार प्रयोजनको लागि**

माथि उल्लिखित विवरण अनुसारको मूल्य विदेशी मुद्रा .................................. को जम्मा ............................................ परिमाणको ........................................................ सामानहरू मिति ........................... को भन्सार रसिद नं. .............. बाट यस भन्सार कार्यालयबाट छुटाइ लगेको प्रमाणित गर्दछौं ।

_______________________
भन्सार अधिकृत को दस्तखत
छाप

नोट : (क) पहिलो २ प्रति भन्सार प्रयोजनको लागि (भन्सार कार्यालयबाट प्रमाणित गरिसकेपछि १ प्रति सम्वन्धित बैंकमा नै वुझाउनु पर्ने ।
(ख) तेश्रो प्रति नेपाल राष्ट्र बैंक , विदेशी विनिमय व्यवस्थापन विभाग, बालुवाटारमा पठाउनु पर्ने ।
(ग) चौथो प्रति सम्वन्धित बैंकमा अभिलेख राख्नु पर्ने ।

